# प्रदेश लोक सेवा आयोग

## बागमती प्रदेश, हेटौंडा

*प्रशासन तथा सूचना प्रकाशन शाखा*

**स्थानीय सेवाका (अप्राविधिक/प्राविधिक) र स्वास्थ्य सेवाका अधिकृत सातौं र आठौं तहका पदहरूको अन्तर तह, खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन**

**सूचना प्रकाशन मितिः २०७९/०८/१२ गते**

स्थानीय सेवा तर्फका निम्न सेवा, समूह, उपसमूह तथा तहका पदहरूमा अन्तर तह र खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नु पर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली ppsconline.bagamati.gov.np मार्फत् आवेदन दिनुपर्नेछ।

**पुनश्चः मिति २०७९/०८/१२ गतेको गोरखापत्र दैनिकमा प्रकाशित आयोगको विज्ञापनहरूमध्ये प्रशासन सेवाको विज्ञापन नम्बर संशोधन गरी देहाय बमोजिम कायम गरिएको छ।**

## विवरण

| क्र.सं. | विज्ञापन नम्बर | तह | सेवा, समूह, उपसमूह, पद | अ.त., खुला, समावेशी | माग पद | लिखित परीक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|---|
| (अ) | अप्राविधिकतर्फ | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १. | ९/०७९-८० | ७ | प्रशासन/सामान्य प्रशासन/अधिकृत | खुला | १ | परीक्षा मिति र समय पछि प्रकाशन गरिनेछ। | |
| २. | | ७ | प्रशासन/लेखा/ लेखा अधिकृत | खुला | १ | | |
| (आ) | प्राविधिकतर्फ | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १. | ५५८/०७९-०८० | ७ | इन्जिनियर/सिभिल/ इन्जिनियर | अ.त. | १ | परीक्षा मिति र समय पछि प्रकाशन गरिनेछ। | |
| २. | ५५९/०७९-०८० | ७ | | खुला | ३ | | |
| ३. | ५६०/०७९-०८० | ७ | | महिला | १ | | |
| ४. | ५६१/०७९-०८० | ७ | | आ.ज. | १ | | |
| ५. | ५६२/०७९-०८० | ७ | कृषि/अधिकृत | अ.त. | १ | परीक्षा मिति र समय पछि प्रकाशन गरिनेछ। | |
| ६. | ५६३/०७९-०८० | ७ | | खुला | ३ | | |
| ७. | ५६४/०७९-०८० | ७ | | महिला | १ | | |
| ८. | ५६५/०७९-०८० | ७ | | आ.ज. | १ | | |
| ९. | ५६६/०७९-०८० | ७ | कृषि/ला.पो.डे.डे./ पशु विकास अधिकृत | खुला | १ | परीक्षा मिति र समय पछि प्रकाशन गरिनेछ। | |
| १०. | ५६७/०७९-०८० | ७ | शिक्षा/शिक्षा प्रशासन/शिक्षा अधिकृत | खुला | १ | परीक्षा मिति र समय पछि प्रकाशन गरिनेछ। | |
| ११. | ५६८/०७९-०८० | ७ | | महिला | १ | | |
| १२. | ५६९/०७९-०८० | ७ | स्वास्थ्य/हे.इ./ जनस्वास्थ्य अधिकृत | खुला | १ | परीक्षा मिति र समय पछि प्रकाशन गरिनेछ। | |
| १३. | ५७०/०७९-०८० | ८ | कृषि/भेटेरिनरी/ पशु चिकित्सक | खुला | ४ | परीक्षा मिति र समय पछि प्रकाशन गरिनेछ। | |
| १४. | ५७१/०७९-०८० | ८ | | महिला | २ | | |
| १५. | ५७२/०७९-०८० | ८ | | आ.ज. | २ | | |
| १६. | ५७३/०७९-०८० | ८ | स्वास्थ्य/ज.हे.स./ मेडिकल अधिकृत | खुला | २ | परीक्षा मिति र समय पछि प्रकाशन गरिनेछ। | |
| १७. | ५७४/०७९-०८० | ८ | | महिला | १ | | |

| | | |
|---|---|---|
| १. | **परीक्षाको किसिमः-** | लिखित र अन्तर्वार्ता। (लिखित परीक्षाको माध्यम भाषा सम्बन्धित पाठ्यक्रममा तोकिएबमोजिम हुनेछ।) |
| २. | **परीक्षा केन्द्रः-** | हेटौंडा। |
| ३. | **दरखास्त दस्तुरः-** | रु. १,२००।- (एक हजार दुई सय रुपैंया)। प्रत्येक थप समावेशी समूह/पत्रको लागि रु.६००।- (छ सय रुपैयाँ) थप दस्तुर लाग्नेछ। |
| ४. | **दरखास्त दिने अन्तिम मितिः-** | २०७९/०९/०३ गते र दोब्बर दस्तुर तिरी २०७९/०९/१० गतेसम्म। |
| ५. | **उम्मेदवारको उमेरको हदः** | • २०७९/०९/०३ गतेसम्म २१ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको। महिलाको हकमा ४० वर्ष ननाघेको।<br>• बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन। |
| ६. | **दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** | • दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणाली मार्फत् सिर्जित बैङ्क भौचर (Master ID र कारोवार सङ्केत नम्बर उल्लेख भएको) प्रिन्ट गरी तोकिएका बैङ्कबाट नगद बुझाउन सकिनेछ।<br>• दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणाली मार्फत् बैङ्क भौचर सिर्जित भैसकेपछि Connect IPS मार्फत् पनि भुक्तानी गर्न सकिनेछ। (Connect IPS वा अन्य विद्युतीय भुक्तानी प्रणाली जस्तैः E-sewa, Khalti etc. बाट direct भुक्तानी अनलाईन प्रणालीले सर्पोर्ट गर्ने छैन।) |
| ७. | **दरखास्त दस्तुर बुझाउने अवधिः** | ढिलोमा मिति २०७९/०९/११ गतेसम्म तोकिएको परीक्षा दस्तुर वा दोब्बर दस्तुर अनिवार्य रूपमा बुझाई सक्नु पर्नेछ। |
| ८. | **अपलोड गर्ने कागजातहरूः** | उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, स्वास्थ्य सेवाको हकमा सम्बन्धित स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता/नविकरण भएको प्रमाण लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीमा तोकिएको स्थानमा PDF Format (maximum size 500KB) मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारहरूले आफ्नो फोटो, दस्तखतको नमूना, नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग स्क्यान गरी JPG Format (maximum size 500KB) मा अपलोड गर्नु पर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयम् पूर्ण जवाफदेही हुनु पर्नेछ। |
| ९. | **अन्तर्वार्ता मिति र स्थानः-** | लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ। |
| १०. | **पदमा रही गर्नुपर्ने कामको विवरणः-** | सेवा, समूह सम्बन्धी। |
| ११. | **तलबः-** | स्थानीय तहको प्रचलित कानून बमोजिम। |

<u>आवश्यक न्यूनतम योग्यताः</u>

१. **प्रशासन/सामान्य प्रशासन/अधिकृतः** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण।

२. **प्रशासन/लेखा/लेखा अधिकृतः** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यापार प्रशासन वा वाणिज्य शास्त्र वा व्यवस्थापन संकायमा स्नातक वा चार्टर्ड एकाउन्टेन्सी वा सो सरह उतीर्ण।

३. **इन्जिनियरिङ/सिभिल/इन्जिनियरः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा वि.ई. वा सो सरह उत्तीर्ण।

४. **कृषि/अधिकृतः** मान्यता प्राप्त शिक्षण संस्थाबाट बी.एस्सी. (एगृ.) वा सो सरह उत्तीर्ण।

५. **कृषि/ला.पो.डे.डे./पशु विकास अधिकृतः** मान्यता प्राप्त शिक्षण संस्थाबाट बी.एस्.सी. (एगृ.) (एनिमल साइन्स वा डेरी साइन्स) वा वि.भी. एस्सी एण्ड एच वा सो सरह उत्तीर्ण।

६. **कृषि/भेटेरिनरी/पशु चिकित्सक (आठौं):** मान्यता प्राप्त शिक्षण संस्थाबाट बी.भी. एस्सी. एण्ड एच. वा डि.भी.एम. वा सो सरह उत्तीर्ण।

७. **शिक्षा/शिक्षा प्रशासन/शिक्षा अधिकृतः** मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण।

८. **स्वास्थ्य/हे.इ./जनस्वास्थ्य अधिकृतः** मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातकोपाधि प्राप्त।

९. **स्वास्थ्य/ज.हे.स./मेडिकल अधिकृतः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.वि.वि.एस. वा सो सरह उपाधि प्राप्त।

**उम्मेदवारले पेस गर्नुपर्ने कागजात तथा अनुभव सम्बन्धमा विशेष निर्देशनः**

दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरू तयार गरी पेस गर्नुपर्दछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वाताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको सक्कलसहित आफैले प्रमाणित गरेको प्रतिलिपि समेत साथमा लिई आउनु पर्दछ। उल्लेखित कागजातहरू दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसुकै समय दरखास्त रद्द हुन सक्नेछ।

(क) अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरूको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ।

(ख) दरखास्त दिने दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

(ग) आयोगद्वारा तोकिएको म्यादभित्र पेस नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त जुनसुकै बखत अस्वीकृत गर्न सकिनेछ।

(घ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा हुनु भन्दा कम्तिमा ७ (सात) दिन अगावै आयोगको सम्बन्धित कार्यालयमा सम्पर्क राख्नु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग वाध्य हुने छैन।

(ङ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडि शैक्षिक योग्यताको प्रमाण पत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेस गर्नु पर्ने भनि उल्लेख गरिएका काजगातहरूको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नु पर्नेछ।

(च) सम्बन्धित पदको लागि निर्धारित शैक्षिक योग्यता दरखास्त दिने अन्तिम मितिभित्र हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सोही मिति भित्र सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको उपाधिको समकक्षता निर्धारण गराएको हुनु पर्नेछ।

(छ) परीक्षामा परीक्षार्थीले अनिवार्य रूपमा कालो मसीको मात्र प्रयोग गर्नु पर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(ज) पाठ्यक्रम आयोगको वेवसाइट spsc.bagamati.gov.np बाट प्राप्त गर्न सकिने छ।

(झ) मिति २०७९/०८/२६ गतेसम्म थप/घट का लागि माग आकृति फाराम प्राप्त हुन आएमा विज्ञापन भएका पदहरूमा थपघट गर्न सकिने छ।